## मिति २०८१/०७/१२ गते भएको १११ औ कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं १ :

साविकमा कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गर्दा गत आर्थिक वर्षमा नगरपालिकाको कार्यक्रमबाट नगरपालिका अन्तरगतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा जडान भएका इलेक्ट्रोनिक हाजिरलाई तत्काल कार्यान्वयनमा ल्याउनका लागि विद्यालयको हकमा शिक्षा शाखा प्रमुख बाबुराम बराल, स्वास्थ्य संस्थाको हकमा अनिसा सुवेदी र वडा कार्यालयको हकमा सुचना प्रविधि अधिकृत मुक्त गुरुङ्गलाई जिम्मेवारी दिइ मसिर १५ गते भित्र नगरपालिकामा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं २ :

World Bank को सहयोगमा प्रगतिनगर शिक्षा चोकदेखि बहाकोट नाम्चे काल्खु सडक निर्माणका लागि आवश्यक पर्ने नदीजन्य सामाग्री (ढुङ्गा, गिट्टी, वालुवा) प्रशोधन गरी गुणस्तरिय सामाग्री उत्पादन गर्नका लागि छिपेहट्टीयामा क्रसर प्लान्ट स्थापना गर्न ११० औ कार्यपालिका बैठकको निर्णयानुसार छिपेहटिया पक्की पुलको मापदण्ड भित्र रहेको नदिजन्य पदार्थ IEE Report र जिल्ला स्तरीय विपत व्यवस्थापन समितिको निर्णय बमोजिम उक्त सडक खण्डको निर्माण व्यवसायी लामा कन्स्ट्रकन्सनलाई गण्डकी प्रदेश सरकारले तोके बमोजिमको दररेट अनुसारको राजश्व लिई उत्खन्न गर्न दिई उक्त सडक निर्माणमा सहजीकरण गर्ने निर्णय गरियो र यसरी उक्त पक्की पुलको मापदण्ड भित्रको क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन गर्दा प्राप्त हुने राजश्व नियमानुसार प्रदेश सरकारलाई बुझाए पश्चात बाँकी रहेको रकमको ५० प्रतिशत रकम सोही क्षेत्रमा रहेको आधिखोला वारीपारीका खेतियोग्य जमिनको संरक्षण, बस्ती र पुलको संरक्षण गर्ने कार्यमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :

कार्यपालिका बैठकमा पेश भएको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि, २०८१ का सम्बन्धमा अध्ययन गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

यस आर्थिक वर्षको सडक वोर्ड नेपालबाट सडक मर्मत सम्भारका लागि विनियोजन भइ आएको रु. ६७ लाख मा नियमानुसार नगरपालिकाबाट लागत साझेदारी वापत व्यहोर्नु पर्ने ३० प्रतिशत वापतको रकम



धर्मराज [illegible]
प्रमुख प्रशासकीय अधिकृत

थप हुने गरी यस नगरपालिका भित्रका देहाय बमोजिमका सडकहरु मर्मत गर्ने कार्य अगाडी बढाउने गरी सडक वोर्ड नेपालमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

देहाय

- पुतलीखेत पुलदेखि बैदी टिकाजा जाने चोकसम्म (वडा नंम्बर १४)
- बाडखोला देखि पुतलीखेतसम्म (वडा नंम्बर ३)
- सामाग्री चोकदेखि हमालडाँडासम्म (वडा नंम्बर ३)
- डाइभर टोल देखि छिपेहट्टीया सडक (वडा नंम्बर १४)
- गोदगोदे देखि पुतलीखेतसम्म (वडा नंम्बर ३)
- पुतलीखेत फाँटको विचमा रहेको सडक

निर्णय नं ५ :

यस आर्थिक वर्षको पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्तिक २८ गते विहान ११ बजे वडा नंम्बर ७ को भारकोट स्तुपा गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :

अटोरिकसा कार्यविधि २०७९ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| संसोधित शीर्षक/दफा/बुँदा/अनुसूची | संसोधन गर्नु पूर्वको व्यवस्था | संसोधित व्यवस्था |
|---|---|---|
| दफा ३(१) ख | प्रशासन उपशाखाले | प्रशासन शाखा/राजश्व शाखाले |
| दफा ४ | निम्न दस्तुर तिरी | प्रत्येक वर्षको आर्थिक ऐनमा उल्लेख भए बमोजिम वा तोकीए बमोजिमको दस्तुर तिरी |
| दफा ४ | नविकरण सम्बन्धी व्यवस्था रुट ईजाजत | रुट ईजाजत, नामसारी, ठाउँसारी, दर्ता खारेजी, नवीकरण<br>लगत कट्टी र प्रतिलिपी उपलब्धता सम्बन्धी व्यवस्था —<br>• प्रत्येक आ.व.को आर्थिक ऐनले तोकेबमोजिमदर तथा विलम्ब शुलक तथा जरिवाना लिई नविकरण गर्न सकिनेछ ।<br>• व्यवसायीको माग र औचित्यको आधारमा खारेज गर्न सकिनेछ । |

धर्मराज ... प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | • चल/अचल सम्पत्तीसरह मृत्यु वा मञ्जुरीनामा वा कबुलियतनामा सहित उत्तराधिकारीवाला तथा हकवाला वा माथवर व्यक्ति समक्ष लिने तथा दिनेको मञ्जुरीनामा पेश गरी नामसारी र ठाउँसारी गर्न सकिनेछ । <br>• इजाजत तथा अनुमतिपत्रको नामशारी/ठाउँसारी दस्तुर रु १००००।— लाग्नेछ (सभाबाट अनुमोदन हुने गरी) । <br>• इजाजत तथा अनुमतिपत्रको खारेजी दस्तुर रु ५०००।— लाग्नेछ (सभाबाट अनुमोदन हुने गरी) । <br>• ईजाजत पत्र प्रतिलिपी दस्तुर रु १०००।— लाग्नेछ (सभाबाट अनुमोदन हुने गरी) । <br>• कार्यालयबाट दर्ता तथा नविकरण गरी १५/१५ दिनमा सोको प्रगति सम्बन्धित समिति वा कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने । |
| दफा ९ | दण्ड सजाय सम्बन्धी व्यवस्था १५, १६, १७ | दण्ड सजाय सम्बन्धी व्यवस्था क, ख र ग कायम गर्ने |

<u>निर्णय नं ७</u>

कार्यपालिका बैठकमा पेश भएको रोजगार संम्बाद मञ्च कार्यविधि २०८१ सबै कार्यपालिका सदस्यहरुले अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ८ :</u>

संघीय सशर्तबाट प्राप्त भएको रु २ लाख र प्रदेश सरकारबाट प्राप्त हुने रु २ लाख गरी किसान सुचिकरणका लागि रु ४ लाख रकम विनियोजन भएकोले चालु आर्थिकको हकमा नगरपालिका अन्तरगतका वडा नंम्बर १, ३, ६, ७ र ९ छनोट गरी त्यसका लागि आवश्यक पर्ने गणक नियुक्ती गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

धर्मराज दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९ :

कृषि, भूमिसुधार तथा सहकारी मन्त्रालय, पुशपन्छी तथा मत्स्य विकास निर्देशनालय पोखरा, नेपालको मिति २०८१/०६/१४ गते प्रथम पटक प्रकाशित सूचना अनुसार यस नगरपालिका अन्तर्गत वडा नं १ मा रहेको मालेबगरमा नगरपालिकाको आन्तरिक श्रोतबाट निर्माणाधीन वधशालाको निर्माण सम्पन्न गरी संचालनमा ल्याउनका लागि पशुपन्छी बधस्थल निर्माण सुधार कार्यक्रममा आवेदन पेश गर्ने निर्णय गरियो ।

विविध :

१. गत आर्थिक वर्ष पुतलीबजार नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुको सुचकहरुको प्रदेश स्तरीय कार्यसम्पादन मूल्यांकनमा तेस्रो स्थान हासिल गरेकोले नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी महिला स्वयमसेविका र कार्यालय सहयोगीहरुलाई कर्मचारीहरुको विवरण एकिन गरी रु ५०० सयका दरले संञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

२. वडा नंम्बर ३ को प्रशासनिक भवनका सम्बन्धमा वडा समितिको २०८१/०७/०८ गतेको बैठकको निर्णय तथा वडा कार्यालयको चलानी ५५२ मिति २०८१/०७/११ गतेको सिफारिश समेतका आधारमा साविक सेतो गुरासको भवन मर्मत सम्भार कोषमा विनियोजन भएको रकमबाट मर्मत सम्भार गरी सो भवनमा वडा नंम्बर ३ को प्रशासनिक भवन सार्ने निर्णय गरियो ।

३. अघिल्लो कार्यपालिका बैठकको निर्णय आगामी कार्यपालिकाको बैठकमा पेश गरी छलफल, कार्यान्वयनको अवस्था र त्यसको समिक्षा गर्ने निर्णय गरियो ।

४. म.ले.प प्रारम्भिक प्रतिवेदन दफा ५७ मा उल्लेख भएको विविध खर्च विभिन्न समय र मितिमा कार्यालयको कार्यपालिका वैठक, विषयगत समितिको बैठक तथा नगर कार्यपालिकाको विभिन्न कामको सिलसिलामा खर्च भएको र अनेत्र प्रकृतिको नभई नितान्त कार्यालयको कामसँग सम्बन्धित खर्च भएको हुँदा असुल हुनुपर्ने बेरुजु कायम नगरी उक्त दफा हटाइपाउन म.ले.प समक्ष अनुरोध गर्ने ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

वैठक मिति :२०८१/०७/१२, बैठक संख्या : १११ औं